# 2018

# NEPALI

## (Modern Indian Language)

**Full Marks : 100**

**Pass Marks : 33**

**Time : Three hours**

*सोधिएका प्रश्नहरूको उत्तर आफ्नै शब्दमा लेख ।*

*प्रश्न संख्या 1 देखि 5 सम्मका प्रश्नहरूको सहि उत्तर दिएका विकल्पहरूबाट चुनेर फेरि लेख :*

1. आफ्नो वा धेरैका मांगहरु मागेर सरकार वा कुनै विशेष व्यक्तिलाई लेखिने पत्रलाई के भनिन्छ ? 1

(क) व्यक्तिगत पत्र (ख) दफ्तरी पत्र

(ग) व्यापार पत्र (घ) स्मारक पत्र

2. ''विष गाड्नु'' को अर्थ हुन्छ – 1

(क) गाली गर्नु (ख) महत्व राख्नु

(ग) कुभलो गर्नु (घ) डर लाग्नु

3. अमेरिकाको वर्ल्ड ट्रेड-सेन्टर पेन्टागनमा कहिले घटना भएको थियो ? 1

(क) 2004 (ख) 2003

(ग) 2002 (घ) 2001

4. टुल्कीले के को मांग गरेकी थिई ? 1

(क) हारमुनियम (ख) दुधालु गाई

(ग) फुटबल बूट (घ) बोनसको पैसा

5. "चोटमा भुक्न होइन बरू सहन सिकेछौ" – कुन कविको भनाई हो ? 1

(क) लेखनाथ पौड्याल (ख) अगमसिंह गिरी

(ग) बालकृष्ण सम (घ) मोतिराम भट्ट

*प्रश्न संख्या 6 देखि 25 सम्मका प्रश्नोत्तर एउटै शब्द वा वाक्यमा लेख :*

6. दुधवाला मानवीरका घरमा किन आएको थियो ? 1

7. मञ्जुको मांग के थियो ? 1

8. भुनेले कसलाई बोक्सी ठान्थ्यो ? 1

9. शेखर संग गंगाको फेरि मिलन गराउने जोड़ कसले गरेकी थियो ? 1

10. बोक्सी एकांकीमा बिरामी को थियो ? 1

11. यो प्रेम नाटकको मुख्य पात्र को-को हुन् ? 1

12. "कर बाँधी कर सित कर तिर्न लायो" – कुन अलंकार हो ? 1

13. शब्दालंकार के लाई भनिन्छ ? 1

14. य, म, न, स, भ गण र एउटा लघु एउटा गुरू हुने छन्द कुन हो ? 1

15. शालिनी छन्दको लक्षणहरू लेख । 1

16. शिखरिणी छन्दमा कतिवटा गण हुन्छ ? 1

17. रूपक कुन अलंकार हो ? 1

18. सुब्बा कटक बहादुरले किन दोस्रो बिहे गर्नु पर्‍यो ? 1

19. बुढ़ी आमैले के को दैलो लाउने गरेकी थिईन् ? 1

20. असल कविता बन्नलाई के को आवश्यकता पर्छ ? 1

21. एड्स रोगको पत्तो कहिले लागेको हो ? 1

22. ताखे नागाको मुण्डपात कसले गर्‍यो । 1

23. मान कसको छोरो थियो ? 1

24. ''ध्वनिहरू'' एकांकीका एकांकीकार को हुन ? 1

25. नेपाली साहित्यमा नाटक सम्राट भनेर कसलाई भनिन्छ ? 1

*प्रश्न-संख्या 26 देखि 29 सम्मका प्रश्नोत्तर संक्षेपमा लेख :*

26. अतिशयोक्ति अलंकारले के अर्थ बुझाँउछ ? स्पष्ट पारेर लेख । 2

27. ''ताक परे तिवारी नत्र गोतामे'' – भाव विस्तार गर । 2

28. सुवेदार शिवजित राईको मृत्यु कसरी भयो ? 2

29. गंगाले आफ्नो छोरालाई के कारणले दुध पिलाउन गाह्रो गर्छे ? 2

*प्रश्न-संख्या 30 देखि 38 सम्मका प्रश्नोत्तर संक्षेपमानै देऊ :*

30. शब्दालंकारका तीन आवश्यक कुराहरू के के हुन ? बुझाएर लेख । 3

31. दिइएका उखान तुक्काको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर – खुट्टा घुमाउनु, गला घोट्नु, कलेवर फेर्नु । 3

32. एउटा दफ्तर संबंधी पत्र लेख । 3

33. पत्र लेख्दा पत्रका अंगहरुलाई कसरी राखिन्छ ? 3

34. एच.आई.भी. रोग कति किसिमबाट (Ta) फैलिने रोग हो ? संक्षेपमा लेख । '3

35. 'बोक्सी' एकांकीमा छविनाथको बानी-व्यहोरा स्पष्ट पारेर लेख । 3

36. आमाले शशिलाई कसको चियो गर्न लाईन र शशिले के-के गरी ? 3

37. 'पीकदूत' कवितामा वर्णित शरद ऋतुको वर्णन गर । 3

38. कविले कर्म कवितामा जीवन कसरी सिद्धिन्छ भनेका छन ? 3

*प्रश्न-संख्या 39 देखि 43 सम्मका प्रश्नोत्तर विस्तारपूर्वक लेख :*

39. 'सत्य-संदेश' कविताको सारांश लेख । 8

*अथवा*

सप्रसंग व्याख्या गर –

प्रिये, जे हुनु भयो-फेरि परिवर्तित आयाम आउँछ । सास छ आश छ । अन्न उब्जिने धर्ती तिमी – मसित बीज छ, रगत त अन्नले फेरि बनिन्छ ।

40. बालकृष्ण सम *अथवा* इन्द्रबहादुर राईको परिचय लेख । 8

41. मानवकुमार *अथवा* लालबहादुरको चरित्र-चित्रण गर । 8

42. कुनै *एउटा* विषय चुनेर निबन्ध लेख : 8

(क) हाम्रो चाड़ दशैं

(ख) एकता

(ग) परिश्रम

43. निम्नलिखित गद्यांश पढ़ेर तल सोधिएका प्रश्नहरूको उत्तर लेख :

"संयुक्त राज्य अमेरिकाले एटम बम बनायो र दोस्रो महायुद्धमा जापानमा यसको प्रयोग गऱ्यो । जापान ध्वस्त भयो अनि युद्धको निम्ति तत्काल त्यो उठ्न सकेन । यसबाट के निष्कर्ष निस्कन्छ भने एटम बम वा यस्ता शक्तिशाली बमहरूको आतंकबाट युद्ध रोक्न सकिन्छ ।"

प्रश्न :

(क) रेखांकित शब्दहरूको अर्थ लेख । 2

(ख) एटम बमको प्रयोगको के परिणाम हुन्छ ? 2

(ग) जापान किन युद्ध लड्न सकेन ? 2

(घ) एटम बमभन्दा अधिक शक्तिशाली कुनै वस्तु छ ? 2